# मध्यनेपाल नगरपालिकाको छैठौं नगर सभामा नगर प्रमुख श्री रमेश कुमार पाण्डेद्वारा प्रस्तुत आ.व.२०७६/०७७ को बार्षिक नीति तथा कार्यक्रम

**मध्यनेपाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भोर्लेटार, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**
**नगर कार्यपालिकाबाट पारित मिति : २०७६/०३/१०**

यस गरिमामय नगर सभाका सभा उपप्रमुख ज्यू, नगर सभाका सदस्य ज्यूहरु एवं राष्ट्र सेवक कर्मचारी साथिहरु-मैले यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा गौरवको महशुस गरेको छु ।

नेपालको ऐतिहासिक संविधान सभाबाट जारी भएको वर्तमान संविधानको मर्म र भावना अनुरुप हामी आज भन्दा झण्डै २६ महिना अघि जनताको प्रतिनिधित्व गर्दै निर्वाचित भएका थियौं, जनताका इच्छा, आकांक्षा, मनोभावना लाई संबोधन गर्ने र जनताको वास्तविक पिडामा मलम लगाउने उद्देश्यका साथ यस नगरपालिकाका आदरणीय नगरबासीहरुले हामीलाई निर्वाचित गरी पठाउनु भएको थियो । यसकारण म सर्वप्रथम उहाँहरुलाई  हार्दिक धन्यवाद दिन चाहन्छु ।

निर्वाचन लोकतन्त्रको आधार हो । लोकतन्त्र स्थापनाको लागि ज्यान बलिदानी दिनुहुने अमर शहिदहरु प्रति म यो घडीमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै विर शहिदहरुले देखाएको मार्गमा हिड्ने प्रण गर्दछु ।

नेपालको युगान्तकारी राजनीतिक परिवर्तनका लागी हालसम्म भएका लोकतान्त्रीक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएका जननायक विश्वेश्वर प्रसाद कोईराला, गणेशमान सिंह, कृष्ण प्रसाद भट्टराई, गिरिजा प्रसाद कोईराला, नेपाल कम्यूनिष्ट पाटीका संस्थापक नेता पुष्पलाल श्रेष्ठ, मदन भण्डारी, मनमोहन अधिकारी प्रति यो गरिमामय सभामा भावपूर्ण सम्मान व्यक्त गर्दछु ।

नेपालको राजनीतिक इतिहासमा संघियताको कार्यान्वयन गर्न निर्वाचित हुनु भएका नगर सभाका सदस्यहरु र राष्ट्रसेवक साथीहरुलाई शुभ कामना व्यक्त गर्न चाहन्छु । हाल संबैधानिक व्यवस्था अनुसार स्थानीय सरकार गठन भई संचालनमा आएको छ, यस घडिमा नेपालको शासकीय प्रणालिको सबलिकरणका माध्यमबाट संविधानको पूर्ण कार्यान्वयनमा हामी प्रतिबद्ध छौं ।

नेपालको संविधान २०७२ ले अबलम्बन गरेको स्थानीय तहको संघीय संरचनालाई कार्यमूलक बनाउने अभिभारा स्थानीय नगर कार्यपालिका र नगर सभा सामु रहेको छ । नगर सभा, नगर कार्यपालिका राजनीतिक दल, नीजि क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, नागरिक समाज, पत्रकार जगत लगायत सबैलाई संविधान कार्यान्वयन र संघियताको व्यवस्थापनमा योगदान दिन हार्दिक अपिल गर्दछु ।

वर्तमान परिवेशमा अब हामी स्थानिय सरकारका हैसियतले संविधानले प्रदान गरेको अधिकारको सिमा भित्र रही जनताका भारी अपेक्षा र उत्साहलाई संबोधन गर्न, कर लगाउन र उठाउन, कानून निर्माण गर्न र आफैले छानेको विकास गर्न अधिकार सम्पन्न छौं । नगरपालिकाका सबै कार्यहरु अब

उप्रान्त नयाँ सोच र योजनाका साथ व्यवस्थित एवं प्रभावकारी तरिकाले संचालन र व्यवस्थापन हुनेछन् । यो नगर सभाले पारित गरेको नीति तथा कार्यक्रमले यस नगरपालिकाको बजेट निर्माणमा मार्ग निर्देशन गर्ने छ ।

नेपालको वर्तमान संविधान र स्थानीय सरकार संचालन ऐनको मर्म र भावनालाई आत्मसात गरी यो नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्दछु ।

नगर सभाका नगर उपप्रमुख एवम् सदस्य ज्यूहरु

मध्यनेपाल नगरबासी आदरणीय दाजुभाई, दिदिबहिनीहरुले यस मध्यनेपाल नगरपालिकाका जनप्रतिनिधिहरुलाई लमजुङ जिल्लाकै असल, मिलनसार, प्रगतिशिल र विकासप्रेमी जनप्रतिनिधिको रुपमा हेर्न, देख्न र भोग्न आतुर छन् । यही मर्म र भावनलाई आत्मसात गर्दै काम तिब्र गतिमा गरी रहेका छौं । अझै आगामी दिन उच्च, दिगो र फराकिलो शोच र चिन्तनका साथ यस नगरपालिकाको विकासका सम्पूर्ण आयाममा प्रगतिशिल रुपान्तरण गर्ने दृढ अठोटका साथ यो नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्न गैरहेको छु । मलाई आशा एवं भरोसा छ यो नीति तथा कार्यक्रम कार्यान्वयनमा यहाँहरुको उच्च सहयोग र समन्वय रहने छ । **नगर्ने कुरा नभन्ने र भनेको कुरा गरेरै छाड्ने** दृढताका साथ यो नीति तथा कार्यक्रम सम्मानित सभामा पेश गर्दछु ।

**आर्थिक विकास :-**

- यस प्रकृतिले अवतार दिएर सिगारिएको मध्यनेपाल नगरपालिकाको कृषिको चरित्र अहिले पनि परम्परागत र निर्वाहमुखी छ । मल, बिऊ, सिंचाई सुविधा, कृषि औजारको कमी हुदाँहुदै पनि यि समस्या सँग जुद्धदै कृषिमा आधुनिकिकरण, वैज्ञानिकिकरण, विविधिकरण, यान्त्रीकरण र व्यवसायीकरण गर्दै लगिने छ ।
- आर्थिक समृद्धी नभै विकासको लक्ष्यमा पुग्न नसकिने भएकोले आर्थिक समृद्धीलाई विकासको मूल आधार बनाईने छ ।
- बोटे, माझी, कुमाल, वादी तथा दुरा लगायतका अल्पसंख्यक जाती रहेको हाम्रो नगरपालिका भर जिवन स्तर माथि उठाउन विशेष कार्यक्रम ल्याईनेछ ।
- १०० जना युवा युवतीलाई व्यवसायीक तालिमको व्यवस्था गरी दक्ष बनाई व्यवसाय संचालन गर्न लगाईनेछ ।

## कृषि तर्फ

- **“जस्तो माटो उस्तै बाली”** भन्ने नाराका साथ माटो सुहाउँदो बाली उत्पादनमा जोड दिईने छ ।

- **“एक वडा एक कृषि उत्पादन”** कार्यक्रमलाई दृढताका साथ अगाडी बढाईने छ । जस अर्न्तगत जितालाई बाख्रा तथा भैँसी पालन, ता.टक्सारलाई कुखुरापालन तथा तरकारी खेती, सूर्यपाललाई दुग्ध उत्पादन, रम्घालाई लिची खेती, समिभञ्ज्याङ्गलाई फलफुल तथा तरकारी खेती, भोर्लेटारलाई दुग्ध उत्पादन तथा मत्स्यपालन, ईशानेश्वरलाई आलु उत्पादन, करापुलाई अलैंची तथा कफी खेती, बाँग्रेलाई मौरी तथा बाख्रापालन र नेटालाई मौरी तथा बाख्रापालन एवम् अलैंची खेतीको रुपमा विकास गरिनेछ ।

- कृषि योग्य जमिनको बाँझो छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न माटो परीक्षण गरी मोटो अनुकूल तरकारी खेती, फलफूल खेती कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।

- **व्यवसायिक कृषकको लागि पशु तथा कृषि बिमा** सहित कृषिलाई आधुनिक र यान्त्रीकरण तिर लगिनेछ ।

- किसानहरुलाई कुखुरापालन, भैसीपालन, माछापालन, मौरीपालनमा तर्फ प्रोत्साहित गरिनेछ ।

- **“नगर प्रमुख कृषि आधुनिकिरण कार्यक्रम”** लाई निरन्तरता दिईनेछ ।

- **“नगर प्रमुख युवा स्वरोजगार कार्यक्रम”** लाई निरन्तरता दिईनेछ ।

- स्थानिय कृषि उत्पादनको बिक्री, वितरणको लागि सम्भाव्य स्थानमा **हाट बजार** तथा कृषि उपज बिक्रि वितरण स्थल निर्माण गरिने छ । साथै नगर भित्र उत्पादन भएका सामाग्रीहरु विक्रि वितरण गर्न विक्रि केन्द्र खोलिनेछ ।

- सामुहिक र सहकारी खेतिलाई प्रोत्साहीत गर्न कृषि उपजको उत्पादन, भण्डारण र बिक्रि वितरण गर्न सहकारी र कृषि समूहलाई सकृय बनाइने छ ।

- उद्योग स्थापना, संचालन र नविकरण प्रकृयालाई सरलीकरण, सहजीकरण र प्रभावकारी बनाईने छ

- जीता, टक्सार र नेटालाई **कृषि पर्यटन** (Agro tourism) को रुपमा विकास गरी अर्गानिक खेतीको उत्पादन र व्यवसायिकरण गर्न सुरुवात गरिने छ ।

- मध्यनेपाललाई प्रदूषण रहित एवं ग्रीन सिटी, क्लीन सिटी (green and clean city) निर्माण गर्ने शिलशिलामा प्लास्टीक मुक्त क्षेत्र घोषणा गरी हाते झोला निर्माण र बिक्री वितरणमा सहजीकरण गर्न उचित तालिमको व्यवस्था गरिने छ ।

- व्यवसायिक कृषि तथा पशुजन्य उत्पादक कृषकलाई सघाँऊ पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

- एक हजार भन्दा बढी कुखुरापालन गर्ने कृषक तथा युवालाई खोर निर्माणमा सहयोग गर्न रकम विनियोजन गरिने छ ।

**सामाजिक विकास :-**

- **"समृद्ध मध्यनेपाल सुखी मध्यनेपाल बासी"** भन्ने नारालाई व्यवहारमा लागु गरिने छ ।
- नगर प्रमुख छात्राबृत्ती कोष खडागरी नगरपालिका भित्रका स्कूलमा अध्ययनरत उत्कृष्ट छात्र छात्रालाई प्रोत्साहन स्वरुप **नगर प्रमुख छात्रबृत्ति कार्यक्रम संचालन** गरिने छ ।
- नागरिकको स्वास्थ्यलाई ध्यानमा राखी **smart person, smart** नगरपालिकाको अवधारणालाई संस्थागत गरिने छ ।
- संस्थागत तथा सामुदायिक विद्यालयको नियमित अनुगमन र मूल्याङ्कनको प्रणालीलाई व्यवस्थित एवं प्रभावकारी बनाईने छ ।
- गरिबी न्यूनिकरणकाको लागि आय आर्जन र स्वरोजगारका अवसरहरु प्रदान गरिने छ ।
- नगरबासीको सुरक्षित वसोबास सुनिश्चित गर्न **खरको घर मुक्त नगर** बनाउन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्थानीय युवाहरुलाई खेलकुद प्रति प्रेरित गरी खेलकुद पर्यटनको विकास गर्न **नगर प्रमुख फुटबल तथा भलिबल प्रतियोगिता** संचालन गरिने छ । साथै नगर खेलकुद समिति गठन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गरिनेछ ।

- सुरु भएका नमूना गाँउहरुलाई उचित बजेट विनियोजन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नेटामा रहेको दलित बस्ती र अन्य दलित बस्तीलाई नमुना दलित बस्तीको रुपमा विकास गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नेवार जाती लगायत सबै जातजातिको परम्परागत धर्म, कला, साहित्य, नाच चुड्का, ठाडो भाका आदिको संरक्षण गर्न **साहित्य सम्मेलन** गरिने छ ।
- सार्वजनिक स्थलमा धुम्रपान, मध्यपान, सुर्तिपानलाई निषेध गरिने छ ।
- नेपालको मध्य भाग **"मध्यनेपाल जाँऊ पुण्य कमाउ"** भन्ने नाराका साथ यहाँको धार्मिक पर्यटकीय स्थललाई विश्वका अरु देश सँग जोडिने छ ।
- पवित्र नदी मादी र मिदीम लाई **मोक्ष क्षेत्र** घोषणा गरिने छ ।
- रामबजारलाई पूर्ण धार्मिक नगरी बनाई आयुर्वेद, योग र गुरुकुल आश्रमलाई निरन्तरता दिईनेछ।
- चिसंखुलाई साहित्य अनुरागीको विश्राम स्थलको रुपमा विकास गरिने छ ।
- मध्यनेपालका प्रत्येक धार्मिक स्थललाई गुरु योजनामा समेटी थप प्रभावकारी प्रचार, प्रचार एवं पर्याप्त भौतिक पूर्वाधारको विकास गरिने छ ।
- **नगर प्रमुख आकस्मिक कोषलाई** निरन्तरता दिईनेछ ।
- **मध्यनेपाल महोत्सव** सुरु गरिनेछ ।
- नगर स्तरीय गौशाला निर्माण गरिनेछ ।
- भोर्लेटारमा **सार्वजनिक पुस्तकालय र children park** स्थापनामा जोड दिईने छ ।
- सानातिना योजना वडाबाट छनौट गर्नको लागि वडालाई केही अनुदानको व्यवस्था गरिनेछ भने ठूला र दीर्घकालीन योजना नगरपालिका स्वयंम् आँफैले संचालन गर्नेछ ।
- हामीले शुरु गरेका नमुना गाँउलाई आगामी वर्ष पनि निरन्तरता दिईनेछ ।

- एक घर एक दलित रोजगार कार्यक्रम ल्याईनेछ ।
- रम्घामा "मध्यनेपालको पहिचान सहितको "मध्यनेपाल धार्मिक स्तम्भ" तयार गरिनेछ ।
- डढुवा दुर्छा, करापु, पराजुलीवेशी, हाँडीखोला, बरदान, जिताकोट, भदौरे, काउरे, भोर्ले, धोर्द्रेबेशी, रम्घाका कुमाल गाँउ, बोटे, बादी जाती रहेका ठाँउलाई सबै खाले विकास सित जोडिनेछ ।
- बजार अनुगमनलाई निरन्तरता दिईने छ ।
- सामुदायिक रुपमा संचालित विद्युत वितरण र संचालन प्रणालीलाई नगर स्तरिय विद्युत संचालन, वितरण र व्यवस्थापनको प्रबन्ध मिलाईने छ ।
- **नगर उज्यालो कार्यक्रम** अन्तरगत रामबजार, भोर्लेटार, रम्घा र सोतीपसलमा यसै वर्ष देखी **सडक बत्ती**को व्यवस्था गरिने छ ।

**जेष्ठ नागरिक र अपाङ्गता तर्फ**

- जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई सम्मान कार्यक्रम चलाईनेछ ।
- नगर क्षेत्रभित्र **जेष्ठ नागरिक दिवा सेवा केन्द्र (Day Care Centre)** निर्माण गरिने छ ।

**शिक्षा तर्फ**

- **सबैको लागि सधैंको लागि शिक्षा"** भन्ने मान्यतालाई आत्मसात गरिने छ ।
- मध्यनेपाललाई दीर्घकालिन रुपमा लमजुङ जिल्लाकै प्रमुख **शैक्षिक केन्द्रको** रुपमा विकास गर्न दीर्घकालिन नीति लिईनेछ ।
- मध्यनेपाल भित्र रहेका प्रस्तावित मा.वि.लाई शैक्षिक गुणस्तर वृद्धिका निम्ती विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- नमूना विद्यालयको कार्यलाई निरन्तरता दिईनेछ ।

- प्राविधिक शिक्षामा जोड दिदैं गरीब, ईमानदार र जेहेन्दार छात्रछात्रालाई उचित शिक्षाको अवसर प्रदान गरिने छ ।
- नगर भित्र रहेका शैक्षिक संस्थाहरुमा चक्रिय अध्यापन कार्यक्रम ल्याईनेछ ।
- + २ पढ्दै गरेका युवा युवती जुन भोली पढेर पनि बेरोजगार बन्न सक्ने सम्भावनालाई ख्यालमा राखी प्रत्येक उच्च मा.वि.मा व्यवसायिक सिप तथा तालिमको व्यवस्था गरिने छ ।
- नगर भित्रका केही विद्यालयहरुमा प्रोजेक्टरबाट पठन पाठन गर्ने कार्य सुरुवात गरिनेछ ।
- नगरपालिकाले पूर्ण प्राविधिक विद्यालय संचालन गर्नेछ ।
- दलित, गरिब तथा जेहेन्दार विद्यार्थीलाई नगर प्रमुख शैक्षिक प्रोत्साहन कार्यक्रम पूर्ण शिक्षाको व्यवस्था गरिनेछ ।
- नगर भित्रका प्रत्येक माध्यमिक विद्यालयका भवनहरुलाई दशैंमा रङ्गरोकन साथै बगैंचा निर्माण गर्दै बालमैत्री कार्यक्रमलाई अगाडी बढाईनेछ ।
- उच्च शिक्षा हाँसिल गर्ने प्रतिभावान, जेहेन्दार विधार्थीलाई डाक्टर, ईन्जिनियर र अन्य विषयमा **“नगर प्रमुख सहयोग कोष”** खडा गरी छात्रबृत्तिको लागि सम्बन्धित क्याम्पसहरुमा पहल गरिनेछ ।
- प्रस्तावित माध्यमिक विद्यालयको लागि शिक्षक व्यवस्था गरिनेछ ।
- **“छोरा, छोरी पढाउनु होस पुण्य कमाउनु होस”** भन्ने नाराका साथ शिक्षाको विकास, विस्तार गरिने छ ।
- सम्पूर्ण **प्राथमिक विद्यालयहरुमा एक प्रा.वि. एक कम्प्युटर** उपलब्ध गराईनेछ ।
- बालविकास पढाउने शिक्षक शिक्षिकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- अभिभावक सम्मान कार्यक्रम ल्याईनेछ ।
- नगरस्तरीय प्राविधिक शिक्षालयको लागि रकम विनियोजन गरिनेछ ।
- ईशानेश्वर, पुष्पलता र मंगला क्याम्पसको शैक्षिक गुणस्तर सुधार गर्न नयाँ शैक्षिक कार्यक्रमहरु

ल्याईनेछ ।

- नीजि शिक्षक, कार्यालय सहयोगीहरु तथा अन्य कर्मचारीहरुलाई पोसाकको व्यवस्था गरी पोसाकमा एकरुपता ल्याईनेछ ।

- एस.ई.ई. परीक्षामा उत्तीर्ण उत्कृष्ट विद्यार्थी १ छात्र /१ छात्रालाई अध्ययनका निम्ती सहयोग उपलब्ध गराईने छ ।

- मध्यनेपालमा कार्यरत शिक्षक शिक्षिकालाई आई.सि.टी. तालिम कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- गुरुहरुनै जीवन ज्योती हुन् भन्ने नाराका साथ प्रत्येक वर्ष उत्कृष्ट शिक्षक शिक्षिका छानी सम्मान गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**स्वास्थ्य तर्फ**

- कमजोर आर्थिक अवस्था भएका र जेष्ठ नागरिक बुबा आमा, दाजुभाई, दीदी बहिनीलाई **निशुल्क स्वास्थ्य** सेवा प्रदान गरिने छ ।

- वडा नं ४, ६ र ७ मा रहेका स्वास्थ्य संस्थाहरुमा आधुनिक प्रयोगशाला संचालनमा ल्याई सकिएको छ र आगामी दिनमा अन्य स्वास्थ्य संस्थामा समेत क्रमश: ल्याबको व्यवस्था गरिने छ । जसबाट मध्यनेपाल बासी दाजुभाई तथा दिदी बहिनीहरुले राम्रो स्वास्थ्य सेवा पाउन सक्नुहुनेछ ।

- नगरपालिका भित्र एक जना अनुभवी डाक्टरको व्यवस्था गरी घुम्ती स्वास्थ्य सेवा संचालन गरिनेछ ।

- हाल संचालन भई रहेको जेष्ठ नागरिक नि:शुल्क स्वास्थ्य सेवा घरदैलो कार्यक्रमलाई थप व्यवस्थित गरी जेष्ठ नागरिक उपचार कार्ड मार्फत दम, बाथ, ब्लर्ड प्रेसर, सुगर, ग्याष्ट्रिक जस्ता दीर्घ रोगको लागि बाह्रै महिना नि:शुल्क रुपमा औषधीको व्यवस्था मिलाईनेछ ।

- नगर केन्द्र देखी टाढा र स्वास्थ्य सेवाको पहूँच नपुगेका सात वटा स्थानमा शहरी स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य केन्द्र स्थापना गरी सेवा प्रदान गर्ने कार्य प्रारम्भ भई सकेकोछ । आवश्यकता अनुसार थप अन्य स्थानमा पनि उक्त सेवा थप गर्दै लागिनेछ ।

- सम्पूर्ण नगर बासीलाई स्वास्थ्य बीमा सेवा कार्यक्रममा सहभागी हुन प्रोत्साहित गरिनेछ ।

- आमा सुरक्षा कार्यक्रम अर्न्तगत आमा तथा नवजात शिशुलाई शिशुको मृत्युदर शून्य पार्न तथा होम डेलिभरी मुक्त नगर बनाउनको लागि नगर प्रमुख आमा सुरक्षा आकस्मिक कोषको स्थापना गरिनेछ ।

- नगर भित्रका सबै स्वास्थ्य संस्थाहरुमा आवश्यक फर्निचर, उपकरण, औषधी तथा कर्मचारीको व्यवस्था मिलाईनेछ ।

- नगर भित्र रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार प्रयोगशाला तथा बर्थिङ्ग सेन्टरको विस्तार गरिनेछ ।

- स्वास्थ्य स्वयंमसेविकालाई **प्रोत्साहन भत्ता** बृद्धि गराईनेछ साथै स्कूल, कलेजमा पढ्ने छात्राहरुको लागि निःशुल्क प्याड ( Pad) को व्यवस्था गरिने छ ।

- हिमालयन आँखा अस्पताल सँग सहकार्य गरी नगरपालिकामा आँखा उपचार केन्द्र स्थापना गरिनेछ ।

- **विद्यालयमा स्वास्थ्य परीक्षण कार्य** अर्न्तगत प्रत्येक चौमासिक रुपमा सुरुवात गरिनेछ ।

- नगर भित्र रहेका शैक्षिक संस्थाहरुमा विधार्थी तथा विद्यालय परिवारलाई स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको सुरुवात गरिनेछ ।

- अस्पताल बनाउनको लागि आवश्यक पर्ने जग्गा खरिदको लागि रकम विनियोजन गरिनेछ ।

**पर्यटन तर्फ**

- बाँग्रेबेशीलाई नमूना गाँउको रुपमा विकास गरिने छ ।

- मालिका, जिता, डढुवा जस्ता स्थानलाई पर्या-पर्यटनको (Eco-Tourism) हवको रुपमा विकास र बिस्तार गर्दै लगिने छ ।

- ईशानेश्वर महादेव (सन्तानेश्वर), मालिका देवी, जाल्पा देवी, नागभैरव, अकला, गौरीशंकर आदि जस्ता पवित्र धार्मिक स्थललाई **धार्मिक पर्यटन** स्थलको रुपमा विकास गर्दै लगिने छ ।

- दुरा जातिको बसोबास रहेको हाँडीखोला र वरदानलाई **देउ बहादुर दुरा** नमूना गाँउको रुपमा विकास गरिएका कार्यक्रमलाई निरन्तरता कायम गरिनेछ ।

- ईशानेश्वर मन्दिरबाट नागभैरव सम्म **केबलकारको सम्भाव्यता अध्ययन** गर्न डि.पि.आर (D.P.R.) गर्न रकम विनियोजन गरिने छ ।

- दलित कोष, युवा कोष, जनजाति महिला तथा अल्पसंख्यक कोष स्थापना गरी सोही अनुरुप कार्ययोजना बनाई लक्षित कार्यक्रम अगाडी बढाईनेछ ।

- **एक गाँउ एक पोखरी, एक पार्क** निर्माण गरिनेछ । साथै संरक्षण तथा सम्बर्धन गरिनेछ ।

- भोर्लेटारको काउरेमा नगर स्तरीय पार्क निर्माण गरिनेछ ।

- **"विभेद, जोखिम र असमानता मुक्त र सामाजिक न्याय युक्त"** नेपालको नमूना नगरको रुपमा विकसित गरिने छ ।

- करापु भ्यू टावरलाई व्यवस्थित प्याराग्लाइडिङ्गको रुपमा विकास गरिनेछ ।

- लोप हुन लागेको चुड्का, घाटु, सोरठी, ठाडोभाका, वालुन जस्ता परम्परागत कला संस्कृतिको संरक्षणको लागि भोर्लेटारमा कल्चर सेन्टरको निर्माण गरिने छ ।

- मध्यनेपाल न.पा. वडा नं ५ को पराजुली बेशी (मगर गाँउ) लगायत अन्य स्थानहरुलाई होमस्टे (Home Stay) को रुपमा विकास गरिने छ ।

- मध्यनेपालको मूल विशेषतानै धार्मिक विशेषता हो भन्ने मूल्य र मान्यताका साथ ईशानेश्वर, जाल्पादेवी, नागभैरव, मालिका, गौरी शंकर, राजा राजेश्वरी, अकला, ज्वालादेवी, कालिका आदिको संरक्षण, सम्बर्द्धन र दिगो विकासको लागि **धार्मिक विकास कोष** स्थापना गरिने छ ।

- कोईरालाहरुको उद्गम स्थल थान्सीङ्ग नेटा जहाँ कोईरालाहरुको देवी मालिका छन् जसको बृहत्तर विकास, विस्तार र प्रचार प्रसारको लागि **वि.पि. कोईराला स्मृति पार्क** कार्यलाई निरन्तरता दिईनेछ ।

- वडा नं ८ को डढुवा दुर्छालाई **तमूहरुको नमूना गाँऊ** र करापुलाई **नमूना होम स्टे** (Home Stay) को रुपमा विकास गरिने छ । साथै डढुवामा **तमु संग्रहालय** स्थापना गरिने छ ।

- रम्घामा रहेको गौरी शंकर मन्दिर सहित अन्य मन्दिर र भ्यू टावरलाई जोडी धार्मिक पर्यटन स्थलका रुपमा विकास गरिने छ ।

**महिला तथा बालबालिका तर्फ**

- नगर भित्र रहेका सम्भावित महिलाहरुलाई पाठेघर तथा स्तन क्यान्सरको निःशुल्क रुपमा परीक्षणको व्यवस्था मिलाईनेछ ।
- बालबालिका तथा किशोर किशोरीको लागि शारीरिक, बृद्धि र विकासका लागि पोषण सम्बन्धी विशेष कार्यक्रम ल्याईनेछ ।
- **"हाम्रा बालबालिका हाम्रो भविष्य "** भन्ने नारालाई व्यवहारमा लागू गर्न आ.व. २०७७/०७८ सम्ममा मध्यनेपाल नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गरिने छ ।
- सडक बालबालिकालाई राहत, उद्धार, संरक्षण पुनस्थापना र पारिवारिक पुर्नमिलनमा जोड दिईने छ ।
- महिलाहरुको लागि आयमूलक, सिपमूलक, क्षमता वृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।
- महिला दिदी बहिनीहरुलाई दुना, टपरी, खेलौना, स्याखु, छत्री, बाँसका सामाग्री निर्माण गर्न आवश्यक तालिमको व्यवस्था गरिने छ । साथै उद्योग संचालन र व्यवस्थापन गर्न अनुदानको व्यवस्था गर्दै लगिने छ ।
- **एक घर एक महिला रोजगार** भन्ने नारालाई सार्थक रुप दिन प्रत्येक वडाका दीदि बहिनीको आर्थिक समृद्धीको लागि **नगर प्रमुख महिला रोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।**
- लैंगिक हिंसा, बालहिंसा, चेलिबेटी बेचबिखन, लागू औषध दुर्व्यसन विरुद्ध जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।
- बालमैत्री स्थानिय तह निर्माण गर्न बाल संरक्षण कोष, बाल संरक्षण समिति गठन गरिने छ ।
- बालविकासमा पढ्ने बच्चालाई दिवा खाजाको व्यवस्था गरिनेछ ।

**उद्योग व्यवसाय तर्फ**

- मादी र मिदिममा निजी क्षेत्र सँग साझेदारी गरी विद्युत उत्पादनमा जोड दिईने छ । साथै भोर्लेटार सिंचाईलाई व्यवस्थित गरी विद्युत उत्पादन कार्य अगाडी बढाईने छ ।

- नगरपालिकाले समुदायसँग मिलि एक मेगा वाटको हाइड्रो, क्रसर र अन्य उद्योग संचालन गर्नेछ । साथै डि.पि.आर.को निम्ती रकम विनियोजन गरिनेछ ।

- नगरपालिका भित्र उद्योग संचालन गर्ने उद्योगीहरुलाई प्रोत्साहन स्वरुप बाटो, पानी र बिजुली का निम्ती रकम सहयोग गरिनेछ ।

- "नगर भित्र जडिबुटी उत्पादन र प्रशोधन गरी आयुर्वेदिक औषधि उत्पादनमा जोड दिईने छ ।

**पूर्वाधार विकास :-**

- नगरपालिका भू-उपयोग योजना यसै आर्थिक वर्षमा तयार गरी लागू गरिने छ ।

- नगरको बृहत्तर विकास र प्रगतिको लागि नगर गौरवका रुपमा ४ वटा नमुना सडकलाई यसै वर्षबाट कालोपत्रे गर्न सुरु गरिनेछ । जस अर्न्तगत निम्नानुसारका सडक छनौट गरिएको छ ।
  - पाखुरीचोक रामबजार सडक
  - भोर्लेटार बाँग्रेवेशी फेदी गाँउ हाँडीखोला (देउ बहादुर मार्ग) सडक
  - रम्घा समिभञ्ज्याङ्ग सूर्यपाल सडक
  - सोतीपसल पाण्डे गाँउ जिताकोट हुदैं बिमिरे भञ्ज्याङ्ग सडक

- धार्मिक पर्यटक भित्रयाउन धार्मिक सडक सञ्जाल निर्माण गरिनेछ ।

- नगरपालिका भवन र वडा कार्यालय भवन निर्माण शुरु गरिनेछ ।

- अस्पताल बनाउनको लागि आवश्यक पर्ने जग्गा खरिदको लागि रकम विनियोजन गरिनेछ ।

- नगरका मुख्य मुख्य स्थानमा सि.सि क्यामरा र सडक बत्ती जडान गरिने छ ।

- आवश्यक स्थानहरुमा ट्राफिक चिन्ह राखिने छ ।

- समीभञ्ज्याङ्ग, करापु र नेटामा प्याराग्लाईडिङ्गको सम्भाव्यता अध्ययन गरिने छ ।

- नगरको विकासलाई संस्थागत गर्न **सिटी हल**, **खेलमैदान** र **मनोरञ्जन पार्क** निर्माण गरिने छ ।

साथै सबै सडक, पार्क र खेलमैदान जस्ता पूर्वाधार कार्यक्रमको संयुक्त गुरुयोजना निर्माण गरिनेछ ।

- नागरिक दाजुभाईहरुको लागि **शारिरीक व्यायाम शाला** निर्माण गरिने छ ।
- नगरपालिकामा निजी तथा सार्वजनिक भवन निर्माण गर्दा **एक घर एक फलफूल बिरुवा** रोप्नुपर्ने अवधारणालाई बाध्यकारी बनाईने छ ।
- मादी, मिदिम, रिस्ती र पिस्तीखोलामा उचित तटबन्धको निर्माण गरिने छ ।
- मिदीम, मादी, रिस्ती र पिस्ती किनारमा रहेको जमिनको सही सदुपयोग गर्न माछापालन र तरकारी खेती विकास गर्न बेरोजगार युवा परिचालन गरिने छ ।
- भोर्लेटारमा बसपार्क निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- बुद्ध धर्मको सम्मान, रक्षा र सम्बर्द्धनको लागि निर्माणमा रहेका गुम्बाहरुको लागि पुनःरकम विनियोजन गरिनेछ ।
- रम्घा र रामबजारमा नगर स्तरिय खेल मैदान निर्माण र विस्तार गरी खेलकुदमा युवाहरुलाई आकर्षित गरी खेलकुद पर्यटनको संस्थागत विकास गरिने छ ।
- मिदिम, पिस्ती, चर्दी, खहरेमा आवश्यक पूल क्रमस निर्माण गर्दै लगिनेछ ।

**वन, वाताबरण र विपत व्यवस्थापन :-**

- नगरपालिका भित्र भैपरि आईपर्ने विपत व्यवस्थापन गर्न नगर प्रमुख विपत व्यवस्थापन कोष खडा गरी तत्कालीन र दिर्घकालीन राहतको व्यवस्था गरिने छ । विपत व्यवस्थापनको लागि अस्थायी Shelter को व्यवस्था गरिने छ ।
- विपद व्यवस्थापनका निम्ती कोष खडा गरी आवश्यक रकम उक्त कोषमा जम्मा गरिनेछ । साथै कार्यविधि बनाई उक्त कोष संचालन गरिनेछ ।
- **स्वच्छ वातावरण स्वस्थ जिवन** भन्ने नारालाई व्यवहारिक कार्यान्वयन गर्न वातारण संरक्षण र फाहोरमैला व्यवस्थापनमा जोड दिईने छ ।
- **“हरियो वन मध्यनेपालको धन”** भन्ने नारालाई व्यवहारमा लागू गर्न वृक्षारोपणमा जोड दिईने

छ ।

- फोहोरमैला व्यवस्थापनको लागि Clean Madhyanepal Green Madhyanepal भन्ने नारालाई व्यवहारमा लागू गरिने छ ।
- फोहोरमैला व्यवस्थापनको लागि दुई वटा ट्याक्टर खरिद गरिनेछ ।
- दुई महिना भित्र फोहोरमैला व्यवस्थापन सम्बन्धी कानून तथा नीति निर्माण गरी कार्यान्वयन गरिने छ ।
- मध्यनेपाल नगरपालिका भित्र रहेका ऐलानी, पर्ती सार्वजनिक जमिनको खोजी गरी रेखाङ्कन र संरक्षणको कार्य यसै आर्थिक वर्ष देखि सुरु गरिने छ ।
- मध्यनेपाल नगरपालिका भित्र रहेका सार्वजनिक, पर्ति, चरन क्षेत्र र सामुदायिक वन आदिको दोहन रोकी त्यस्ता जग्गामा **"एक वडा एक उद्यान"** नीति लिईने छ ।
- विपत जोखीम क्षेत्र पहिचान गरी उक्त क्षेत्रमा विपत जोखीम न्यूनिकरणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।
- घर भित्रको फोहोर घरभित्रै व्यवस्थापन गर्न **कौसी खेती र करेसाबारी कार्यक्रम** लागू गरिने छ।
- जथाभावी फोहोरमैला फाल्नेलाई आवश्यक कारबाही गर्न अनुगमन र नियमन कार्यलाई तिब्रता दिईने छ ।
- नगरको सुन्दरता बढाउन प्रत्येक घरमा रंग लगाउन अनिवार्य गरिनेछ । रंग लगाई सकेपछि मात्र घर सम्पन्न प्रमाणपत्र दिईने छ । साविकका घर अभिलेखीकरण गर्दा रंग लगाएको घरको मात्र अभिलेखीकरण गरिने छ ।
- फोहोरमैला व्यवस्थापनको लागि Land Field Site को निर्माण गरिने छ । उक्त स्थानबाट **फोहोरबाट उर्जा कार्यक्रम संचालन** गर्न पहल गरिने छ ।
- जिर्ण र कमजोर अवस्थामा रहेका सडक मर्मत, संभार र संचालन गर्न नगर प्रमुख सडक मर्मत तथा संभार कोष खडा गरी बाह्रै महिना सडक सुचारु गरिने छ ।
- जल, जंगल र जमिनको समूचित प्रयोग तथा परिचालन गर्ने नीति लिईने छ ।

**संस्थागत विकास र सेवा प्रवाह :-**

- उच्च मनोबल भएका राष्ट्रसेवक कर्मचारी लाई उचित प्रोत्साहनको व्यवस्था गरिने छ ।
- सकारात्मक शोच र मनोबल युक्त कर्मचारी व्यवस्थापनको लागि उचित तालिम तथा प्रशिक्षणको अवसर प्रदान गरिने छ ।
- कर्मचारीको क्षमता बृद्धीको लागि रचनात्मक पहल गरिने छ ।
- बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता बढाईने छ । सार्वजनिक खरिद प्रकृयालाई उपभोक्ता समितिबाट मात्र नगराई बढी प्रतिस्पर्धि र विश्वसनीय बनाईने छ ।
- राजश्व, कर संकलन र व्यवस्थापन कार्यलाई कडाईका साथ लागू गरिने छ ।
- सेवा प्रवाहका क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी विद्युतिय शासन (E-governance) मा जोड दिईने छ ।
- कर्मचारी र शिक्षक माथि राजनीतिक हस्तक्षेप अन्त्य गरी स्वःस्फूर्त काम गर्ने वातावरण निर्माण गरिने छ ।
- कम्प्युटर प्रविधि तथा इन्टरनेट प्रविधिमा आधारित सेवालाई प्रभावकारी बनाईने छ ।
- स्थानीय सामुदायिक F.M. संचालनमा आवश्यक पहल गरिने छ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरपालिका सँग भगिनी सम्बन्ध कायम गर्न पहल गरिने छ ।
- नगरपालिकाका गतिविधि नगरबासी समक्ष पुऱ्याउन **अर्ध वार्षिक रुपमा नगर बुलेटिन प्रकाशित** गरिने छ ।
- नगरपालिकालाई सूचना मैत्री बनाउन थप पहल गरिने छ ।

**वित्तिय व्यवस्थापन र सुशासन :-**

- **"हाम्रो नगरपालिका हाम्रै कर समृद्ध नगरपालिका बनाउने हाम्रै रहर"** भन्ने नारालाई सफल बनाउन नियमित रुपमा कर तिर्ने उत्कृष्ट करदातालाई सम्मान गरिने छ ।
- आर्थिक कार्यप्रणालीलाई चुस्त र दुरुस्त बनाई वित्तिय सुशासन कायम गरिने छ ।

नगरपालिकाका सम्पूर्ण कामकारबाही सार्वजनिकिकरण गरिने छ । वडा स्तरीय र नगरस्तरीय सार्वजनिक सुनुवाई कार्यक्रमलाई तिब्रता दिईने छ ।

- **मैले तिरेको कर नगर विकासको लागि** भन्ने नारालाई व्यवहारमा लागू गरिने छ ।
- आर्थिक कार्यप्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन सुत्रमा आधारित लेखा प्रणाली लागू गरिने छ ।
- स्थानिय करको दर र दायरा बिस्तार गरिने छ ।
- पेश्की तथा बेरुजु फर्छयौट कार्यलाई थप प्रभावकारी बनाई बक्यौता न्यूनिकरण गरिने छ ।
- **"मध्यनेपाल वासीको साथ मध्यनेपाल वासीकै बिकास"** भन्ने नारालाई मुर्त रुप दिन पहल गरिने छ ।
- सङ्घीय सरकारको तलब वृद्धिको अनुपातमा सबै कर्मचारीलाई तलब सुविधा उपलब्ध गराईनेछ ।

**धन्यवाद ।**

**प्रस्तुतकर्ता**
**रमेश कुमार पाण्डे**
**नगर प्रमुख मध्यनेपाल नगरपालिका भोर्लेटार लमजुङ**
**गण्डकी प्रदेश**

मिति २०७६।०३।२२